अनुसुची-१६

दफा ३३ को उप-दफा २ सँग सम्वन्धित

वन पैदावार लिलाम विक्रिको विस्तृत सुचना

श्री खैरेनी सामुदायिक वन उपभोक्ता समूह राजपुर गा.पा.-१,दाङ

काठ/दाउरा वोलपत्रद्धारा लिलाम विक्रिको सुचना

(प्रथम पटक सूचना प्रकाशन मितिः-२०८३/३/२९)

यस सामुदायिक वन उपभोक्ता समूहवाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रवाट ढलापडा तर्फ आ.व.२०८२/०८३ मा संकलन गरी डिभिजन वन कार्यालय दाङ(देउखुरी)को चलानी नम्वर २१२३ मिति २०८३/०३/२६ गतेको लिलाम विक्रिको लागि सहमति अनुसार सामुदायिक वनको घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सूचनां प्रकाशित गरिएको छ। काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानून वमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली २०७९ को नियम १२८ वमोजिम सुचीकृत भएका गोलिया काठ चिरान गर्ने सःमिल र काठलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना नयाँ युगवोध राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै वोलपत्र खरिद गरी २२ औ दिन १२:०० वजे भित्र डिभिजन वन कार्यालय, दाङ(देउखुरी) तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलवन्दी वोलपत्र दाखिला गर्न आव्हन गरिन्छ।

तपशिलः–

**१.लिलाम बिक्रि हुने वन पैदावारको विवरणः-**

| क्र.स. | लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (घ.फि.) | दर प्रति घ.फि. (रु) | न्यूनतम मुल्य (रु) | कटान मुछान खर्च(रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | खयर | गोलिया | - | ३४१६ | १४१५.१९ | १०००/- | १४१५१९०/- | २९४३६०/- | |
| जम्मा | | | | | ३४१६ | १४१५.१९ | १०००/- | १४१५१९०/- | | |

२. वोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :

क) वोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८३/०४/१७ गते, समय ५:०० वजे भित्र सम्म ।

ख) वोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/०४/१८ गते, समय १२:०० वजे भित्र सम्म ।

ग) वोलपत्र खरिद गर्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट अर्थात दाखिला गर्ने दिन नै निर्धारित समयमा वोलपत्र खरिद गरि सोही दिन दाखिला गर्ने लाई मान्यता दिईनेछ। साथै दाखिला गर्ने दिन विदा परे सो को भोलीपल्ट तोकिएको समयमा दाखिला गर्न सकिनेछ ।

३. वोलपत्र साथ धरौटी वापत कवोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक लि.लमहीशाखा स्थित खाता नं. ४२९०१००००२२७२००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको वैंक ड्राफ्ट वा छ महिना अवधिको वैंक जमानत पत्र समावेश हुनुपर्नेछ। नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन।

४. वोलपत्रको प्रत्येक लटका लागि रु. एक लाखदेखी १० लखासम्म न्यूनतम मुल्य भएको रु.१,०००।–र रु.दसलाख भन्दा वढी न्यूनतम मूल्य कायम भएको रु.२०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, दाङ(देउखुरी)वाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ।

५.वैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ।

CamScanner

६. बोलपत्र खरिद गर्दा लट अनुसार वेग्ला वेग्लै खरीद गरी दाखिला गर्दा पनि वेग्ला वेग्लै दाखिला गरी खाम वाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

७. लिलाम वढावढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ।

८. लिलाम प्रक्रियामा भाग लिन इच्छुक स:मिल/भेनियर/प्लाईउड उद्योगका प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्वर प्रमाणपत्र, उद्योग सुचिकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य वोलपत्रसाथ पेश गर्नु पर्नेछ । नागरिकता वाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ।

९. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८३/४/१८ गते दिनको १:०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन विदा परे सो को भोलिपल्ट खोलिनेछ।

१०.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको ४५(पैतालिस)दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि,कर,सङ्कलन खर्च छुट्टै वुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

११. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै वुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१२. वोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१३. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ।

CamScanner

विभिन्न हिमालश्रृखला देखिन भएकाले पनि पर्यटकीय सम्भावना बोकेको छ ।

स्थानीय मदन घर्तीका अनुसार त्यहाँबाट बबई नदी, राप्ती नदी, बाँकेका विभिन्न भूभागको अवलोकनसमेत गर्न सकिन्छ । त्यस्तै, विभिन्न वनजंगलको अवलोकन गर्न पनि सकिने भएकाले त्यसलाई स्थानीय चक्रमिलन विश्वकर्माले बताउनुभयो । उहाँका अनुसार सोही ठाउँमा पुरानो टेलिकमको टावर पनि छ । जुन पश्चिम नेपालमै चर्चित टावर थियो । गोल्टाकुरीबाट पाँच किलोमिटर पैदल हिँडेपछि राजाकोट पुग्न सकिन्छ । नजिकै कुनै बेला हाटबजार जाँदा रुकुम, सल्यान, रोल्पाका नागरिकले अहिले सडक पुगेको छैन । दुई घण्टा पैदल हिँडेमा सो ठाउँमा पुग्न सकिन्छ। यसलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सबै क्षेत्रको सहयोग आवश्यक पर्ने दंगीशरण गाउँपालिकाका प्रवक्ता रमेश भण्डारीले बताउनुभयो । उहाँका अनुसार पालिकाले पनि यसलाई पर्यटकीय विकासका लागि पहल थालेको छ ।

विकलाई शनिबार घोराहीबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय दाङका डिएसपी डा.हेमबहादुर केसीले जानकारी दिनुभयो ।

---

# छात्रा विद्यार्थीलाई साइकल, जेहेन्दारलाई छात्रवृत्ति

**युगबोध समाचारदाता**

देउखुरी, २८ असार । राप्ती गाउँपालिकामा अध्ययनरत जेहेन्दार तथा विपन्न विद्यार्थीलाई छात्रवृत्तिसहित साइकल र शैक्षिक सामग्री वितरण गरिएको छ ।

विद्यालय छाड्ने दर (ड्रपआउट) घटाउने, छात्रा विद्यार्थीको नियमित उपस्थितिलाई प्रोत्साहन गर्ने तथा पठन संस्कृतिको विकास गर्ने उद्देश्यले उक्त सहयोग प्रदान गरिएको हो । क्रियटिड पोसिबिलिटिज नेपालले राप्ती गाउँपालिकाभित्रका तीन विद्यालयमा अध्ययनरत ६० जना विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराएको हो । तीमध्ये विद्यालय आउन-जान सहज होस् भन्ने उद्देश्यले २५ जना किशोरी छात्रालाई साइकल प्रदान गरिएको छ । साथै विद्यार्थीलाई झोला, कापी, कलम, क्यालकुलेटर लगायतका शैक्षिक सामग्री पनि वितरण गरिएको थियो ।

राप्ती गाउँपालिकाका उपाध्यक्ष कमलापति चौधरीको अध्यक्षता तथा गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वक्ताहरूले आर्थिक अभावका कारण कुनै पनि विद्यार्थी शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित हुन नहुनेमा जोड दिएका थिए । उनीहरूले छात्रवृत्ति तथा शैक्षिक सहयोगले विद्यार्थीको पढाइप्रतिको आकर्षण बढ्नुका साथै विद्यालय छाड्ने दर घटाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । कार्यक्रममा राप्ती गाउँपालिकाअन्तर्गतका दुर्गा भवानी आधारभूत विद्यालय, बीपी आधारभूत विद्यालय र सर्वोदय माध्यमिक विद्यालय मा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति तथा शैक्षिक सामग्री हस्तान्तरण गरिएको थियो ।

सोही अवसरमा स्थानीय स्तरका प्रेरणादायी व्यक्तित्वका सफलता र संघर्षका अनुभव समेटिएको 'उत्कृष्टताका कथा' पुस्तक पनि विमोचन गरिएको छ । पुस्तकमा १४ जना उत्कृष्ट विद्यार्थी, उत्कृष्ट किसान, उत्कृष्ट शिक्षक तथा उत्कृष्ट उद्यमीका प्रेरणादायी जीवनकथा समावेश गरिएको छ । पुस्तकले मेहनत, लगनशीलता र सिर्जनशीलतामार्फत सफलता हासिल गरेका व्यक्तिका अनुभवलाई समाजमा पुऱ्याउने उद्देश्य राखेको आयोजकले जनाएको छ। कार्यक्रममा क्रियटिड पोसिबिलिटिज नेपालका निर्देशक दिनेशराज सापकोटाले शिक्षा क्षेत्रमा संस्थाले निरन्तर सहयोग गर्दै आएको बताउँदै आगामी दिनमा पनि विद्यार्थीको क्षमता विकास, गुणस्तरीय शिक्षाको पहुँच विस्तार तथा समुदायमा सकारात्मक परिवर्तनका लागि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने जानकारी दिनुभयो ।

बीपी आधारभूत विद्यालयका प्रधानाध्यापक जीवराज शर्मा, दुर्गा भवानी आधारभूत विद्यालयका प्रधानाध्यापक केशवराज आचार्य, 'उत्कृष्टताका कथा' का लेखक तथा पत्रकार दशरथ घिमिरे, उत्कृष्ट उद्यमी विसपुरा घर्ती मगर तथा उत्कृष्ट शिक्षक शरद चौधरीलगायतले विद्यार्थीलाई अवसरसँगै आत्मविश्वास पनि आवश्यक रहेको बताउँदै यस्ता सहयोगले शिक्षा क्षेत्रमा सकारात्मक प्रभाव पार्ने धारणा व्यक्त गर्नुभयो ।

## मनसुनजन्य....

सञ्चालन गराउन शुरु गरेका छौं'- उहाँले भन्नुभयो- 'पहिलाको तुलनामा सर्वसाधारणमा सचेतना बढेकाले रोगको प्रकोप पनि कम हुँदै गएको छ ।'

शुकराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख जनरल कन्सल्टेण्ट फिजिसियन डा. विमल शर्मा चालिसेले रोगको स्रोत र जोखिमका कारणमै रोकथामका काम गर्नु कम खर्चिलो र प्रभावकारी हुने बताउनुभयो । उहाँले डेंगी हैजा, झाडापखाला जस्ता रोग मनसुनमा बढी देखिने भएकाले सचेत रहन आग्रह गर्नुभयो । महाशाखाका कीटजन्य शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले असारदेखि असोजसम्म पानीजन्य रोगका प्रकोप बढी हुने भएकोले सचेत रहन आग्रह गर्नुभयो । उहाँले मनसुन शुरु हुनासाथ डेंगी सङ्क्रमण बढ्ने बताउनुभयो ।

## सात....

भएका छन् भने माघमा सबैभन्दा कम ७६ घटना दर्ता भएका छन् । यति ठूलो संख्यामा मानिसले आत्महत्याजस्तो बाटो रोज्नु मानसिक स्वास्थ्य, पारिवारिक सम्बन्ध, आर्थिक अवस्था तथा सामाजिक दबावजस्ता विषय गम्भीर बन्दै गएको संकेतका रुपमा पनि हेरिएको छ ।

प्रदेश प्रहरीको पछिल्लो सात महिनाको तथ्यांकले लुम्बिनीमा अपराध नियन्त्रण अझै चुनौतीपूर्ण रहेको देखाएको छ । विशेषगरी ज्यानसम्बन्धी अपराध, संगठित तथा आर्थिक अपराध र आत्महत्याका घटनाले सुरक्षा निकायसँगै स्थानीय सरकार, समुदाय तथा सरोकारवाला निकायलाई थप जिम्मेवार बन्नुपर्ने संकेत गरेको छ ।

**सुकुम्वासीलाई मौका**

बस्न र खेती गर्न उपयुक्त चिसो हावापानी भएको लमही न.पा.-१ सितलापुरमा रहेको १ बिगाहा १० कट्ठा जग्गामा खेती गर्ने आफै खाने र अन्य केही शर्तमा खेती गर्ने मेहनती किसानले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क: ९८५७८४०२४१
राधेश्याम गुप्ता

**तपाईको घरमा विवाह छ ?**

विवाह कार्ड, शुभ विवाहको ब्यानरको लागि : ९८४७९६९८८६
टेन्ट पनि चाहिएमा :
सम्पर्क : ९८४४९१९८९८
डि.जे. को लागि :
सम्पर्क : ९८४७९६६३६८
जन्तीको लागि स्कारपियो गाडी र नव दम्पतीलाई बधाई तथा शुभकामना छपाउनको लागि :
सम्पर्क ९८५७८४०२४१

## श्री खैरेनी सामुदायिक वन उपभोक्ता समूह

राजपुर गा.पा. वडा नं.-१, दाङ (देउखुरी)

### गोलिया काठको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

(पहिलो पटक सूचना प्रकाशित मितिः २०८३/०३/२९)

श्री खैरेनी सामुदायिक वन उपभोक्ता समूह राजपुर गा.पा.-१ दाङ (देउखुरी) को वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको खयर जातको जम्मा गोलिया थान ३४१६ को १४१५.१९ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी गोप्य शिलबन्दी लिलाम बढावढ प्रक्रियाद्वारा बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिन शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ।

अध्यक्ष

नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्दे

CamScanner